लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
भीम अस्पताल Email: admin.bhimhospital@lumbini.gov.np
भैरहवा, रुपन्देही

पत्र संख्या:२०८३/०८४ मितिः २०८३/०७/१२
च.न. ४०२

अस्पतालको लागि डेस्कटप कम्प्युटर सिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना
(दोस्रो पटक प्रकाशित सूचना)

यस भीम अस्पतालको सेवा प्रवाहको लागि आवश्यक पर्ने मेशिनरी सामग्रीहरू चालु आ.व. २०८३/०८४ मा आपूर्ति सम्बन्धी कामको बन्दोबस्त गर्नुपर्ने भएकाले यो ७ दिने सूचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित शर्तहरूको अधिनमा प्राप्त बोलपत्र आह्वान गरिन्छ।

क्र.सं	ठेक्का नं.	विवरण	धरौटी रकम	कैफियत
१.	SQ-०३-०८३/०८४	डेस्कटप कम्प्युटर	रु.८२५५/-	

१. दरभाउपत्र यो सूचना भएको मितिले ७औं दिन कार्यालय समयसम्म नेपाली नागरिकताको प्रमाणपत्र, व्यवसाय दर्ता प्रमाणपत्र, नवीकृत आयकर दर्ताको प्रमाणपत्र तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपि सहित प्रत्येक फारमको रु. १०००/०० (एक हजार रुपैयाँ मात्र) (पछि फिर्ता नहुने गरी) नगदै बुझाई यस कार्यालयबाट खरिद गर्न सकिन्छ।

२. खरिद गरिएको दरभाउपत्र ८औं दिन दिनको १२:०० बजेसम्म धरौटीबापतको रकम रा.बा. बैंकको प्रदेश लेखा नियन्त्रक कार्यालय, रुपन्देहीको धरौटी खाता नं. ३१२०१००२०२०३०००० मा कार्यालय कोड नं. ३७००१४८०४५ मा नगदै जम्मा गरेको सक्कलै भौचर वा मान्यताप्राप्त वाणिज्य बैंकबाट यस अस्पतालका नाममा जारी भएको जमानत (दरभाउपत्र दाखिला गर्ने मितिबाट कम्तीमा ७५ दिनको मान्य अवधि भएको) बिडबन्ड संलग्न राखी आवश्यक विवरणहरू स्पष्टसँग भरी सहीछाप समेत गरी सिलबन्दी गरी खामको बाहिर "भीम अस्पताल, रुपन्देही, चालु आ.व. २०८३/०८४ का लागि डेस्कटप कम्प्युटर आपूर्ति उल्लेख गरी अस्पताललाई सम्बोधन गरिएको दरभाउपत्र यस कार्यालयमा दर्ता गर्नुपर्नेछ।

३. दर्ता हुन आएका दरभाउपत्रहरू ८औं दिन दिनको २ (दुई) बजे कार्यालयका प्रतिनिधिहरू र दरभाउपत्रदाता ठेकेदार वा निजका प्रतिनिधिहरूको रोहवरमा यस अस्पतालमा खोलिनेछ। ठेकेदार प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्नमा बाधा पर्ने छैन।

४. दरभाउपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन, बिदा परेमा सोको भोलिपल्ट र लगत्तै कार्यालय खुलेको दिन सोही समयमा गरिनेछ।

५. दरभाउपत्रमा मूल्य अभिवृद्धि कर बाहेकको दर रेट स्वीकार गर्नुपर्नेछ। दर तथा जम्मा महलमा अंक अक्षर दुवै स्पष्टसँग भर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिनेछ।

६. ठेक्का अवधिभर मूल्यवृद्धि दिइने छैन। सम्झौता सँगै दिएको दररेटमा ठेकेदार आफैले माग गरिएका सामग्रीहरू नियमित रूपमा अस्पतालमा सप्लाई दिनुपर्नेछ।

७. रीत नपुगेको वा म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन। दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृत गर्ने अधिकार यस अस्पताललाई हुनेछ।

८. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरू प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ।

९. अन्य कुराहरू बुझ्नुपरेमा कार्यालय समयभित्र कार्यालय प्रशासन शाखामा बुझ्न सकिनेछ।

.....
अस्पताल प्रमुख
अस्पताल प्रमुख